# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गत कार्यालयहरुको आ.व. २०८०/०८१ मा सञ्चालन हुने कार्यक्रमहरुको

# कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०

(वन तथा वातावरण तर्फ)

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

पोखरा

माननीय दिपेन्द्र बहादुर थापा

मन्त्री

<u>प्रस्तावना</u>

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन तथा वातावरण तर्फ), वन निर्देशनालय, ताल संरक्षण तथा विकास प्राधिकरण, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र डिभिजन वन कार्यालयहरु तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको स्वीकृत बार्षिक कार्यक्रम व्यवस्थित तथा पारदर्शी बनाई प्रभावकारी कार्यान्वयन र एकरुपता कायम गर्दै लक्ष्य अनुरुपको उद्देश्य हासिल गर्न आवश्यक भएकोले,

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालयले देहायको मापदण्ड बनाई लागू गरेको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो मापदण्डको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;-

(क) "उपभोक्ता" भन्नाले गण्डकी प्रदेशभित्र स्थायी बसोबास गर्ने प्राकृतिक स्रोत व्यवस्थापन समूहमा आवद्ध घरधुरीलाई सम्झनु पर्छ।

(ख) "उपभोक्ता समिति" भन्नाले गण्डकी प्रदेश सरकारबाट जारि भएको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा २६ बमोजिम गठन गरिने उपभोक्ता समिति सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले मन्त्रालय तथा मातहतका निकाय र प्राधिकरणको बार्षिक विकास कार्यक्रम तथा बजेट सम्झनु पर्छ ।

(घ) "कार्यकारी समिति" भन्नाले ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ को दफा ७ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु सम्झनु पर्छ।

(च) "कार्यविधि" भन्नाले गण्डकी प्रदेश सरकारबाट जारि भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ सम्झनु पर्छ ।

(छ) "नर्सरी" भन्नाले वृक्षारोपण प्रयोजनका लागि विरुवा हुर्काउने, बढाउने तथा निश्चित अवधिसम्म सुरक्षित गरी राख्ने स्थान वा संरचनालाई सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले प्रदेश वन निर्देशनालयलाई सम्झनु पर्छ।

(झ) "पर्यापर्यटन" भन्नाले वातावरण संरक्षण र स्थानीय समुदायको हितको प्रतिकूल नहुने गरी वन क्षेत्रमा गरिने वन, वन्यजन्तु बातावरण लगायत प्रकृतिक र सांस्कृतिक

माननीय दिपेन्द्र बहादुर ...
मन्त्री

सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधीलाई सम्झनु पर्छ र सो शव्दले पर्यापर्यटनलाइ लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत सम्झनु पर्छ।

(ञ) "प्राधिकरण" भन्नाले ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ बमोजिम गठित ताल संरक्षण तथा विकास प्राधिकरण सम्झनु पर्छ ।

(ट) "प्राविधिक" भन्नाले मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत विभिन्न सेवा समूहका प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ।

(ठ) "बायो-इन्जिनियरिङ" भन्नाले भू संरक्षण तथा जलाधार व्यवस्थापन क्रियाकलापहरुमा जैविक तथा भौतिक संरचना सँगसँगै राखी निर्माण वा स्थापना गर्ने प्रविधि सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "मुद्दा" भन्नाले वन र वन्यजन्तु सम्बन्धी कसुरमा सम्बन्धित अदालतमा पेश भएको अभियोजन पत्र सम्झनु पर्छ।

(ण) "प्राधिकरण" भन्नाले ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ बमोजिम गठित ताल संरक्षण तथा विकास प्राधिकरण सम्झनु पर्छ ।

(त) "हाइटेक नर्सरी" भन्नाले उच्च प्रविधि जडान भएको नर्सरी सम्झनु पर्छ।

## परिच्छेद २

## वन तथा वातावरणसँग सम्वन्धित क्रियाकलाप

३. <u>एकवर्षे तथा बहुवर्षीय विरुवा उत्पादन र वितरणः</u> (१) एकवर्षे बहुउपयोगी विरुवा उत्पादन तथा वितरण गर्दा देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

(क) ४" x ७" को पोलिव्यागमा विरुवा उत्पादन गर्ने तर ३" x ७" को पोलिव्यागमा विरुवा उत्पादन गरेमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको नर्म्स अनुसार गर्नु पर्ने,

(ख) स्थानीय माग बमोजिमका प्रजातिका बिउ/कटिङ खरिद गर्ने,

(ग) विरुवाको उचाइ कम्तिमा १ फिट (ढिलो बढने प्रजाति वाहेक) हुनु पर्ने,

(घ) नर्सरी नाइकेको पारिश्रमिक (२० देखि ५० हजार विरुवाको लागि एक जना, वर्षमा कम्तिमा ८ महिनाको लागि स्वीकृत जिल्ला दर रेटमा नबढने गरी)

(२) बहुवर्षीय विरुवा उत्पादन तथा वितरण गर्दा देहाय बमोजिमका क्रियाकलापहरू समेट्नु पर्नेछः

(क) ६"x८", १०"x१०", १४"x१४" को पोलिव्यागमा कुनै पनि फूल र फलफूल प्रजाति वाहेकका सौन्दर्यमुलक प्रजाति धुपी, अशोक, श्रीखण्ड, रुद्राक्ष, नारेश्वर, निम, वेल, रक्तचन्दन, अगरउड, वर, पिपल, शमी जस्ता विरुवा उत्पादन गर्ने,

(ख) विरुवाको उचाइ (ढिलो बढ्ने प्रजाति वाहेक) कम्तिमा २ फिट हुनु पर्ने,

(ग) नर्सरी नाइकेको पारिश्रमिक (१० हजार विरुवाको लागि एक जना, नर्सरी नाइके १२ महिनाको लागि, जिल्ला दर रेट अनुसार पारिश्रमिक दिन सकिने।

माननीय दिपेन्द्र बहादुर कार्की
मन्त्री

परिच्छेद ५

## ताल संरक्षण तथा विकास प्राधिकरण मार्फत कार्यान्वयन हुने कार्यक्रम

ताल संरक्षण तथा विकास प्राधिकरणसंग सम्बन्धित क्रियाकलापहरु यस मापदण्डमा बुँदागत रुपमा उल्लेख गरिएको छ ।

८७. ताल संरक्षण, व्यवस्थापन, मर्मत सम्भार तथा सौन्दर्यकरण कार्यक्रमः

यस मापदण्ड निम्न कार्यक्रमहरुको लागि लागू हुनेछः-

(क) झिनुको तातोपानी कुण्ड संरक्षण, कास्की
(ख) ताल पोखरी संरक्षण तथा सौन्दर्यकरण, पालुङतार - ६, गोखरा
(ग) फेवा ताल संरक्षण तथा सौन्दर्यकरण, कास्की
(घ) मौलाकालि चुहार खोला ताल सौन्दर्यकरण, नवलपुर
(ङ) दिपाङ ताल संरक्षण तथा सौन्दर्यकरण, कास्की
(च) वराहा ताल संरक्षण तथा सौन्दर्यकरण, जलजला - २ पर्वत
(छ) ढवाहा ताल संरक्षण ताथ सौन्दर्यकरण गैडाकोट -६,७,९ नवलपरासी वर्दघाट ।
(ज) गाजाको दह ताल संरक्षण व्यवस्थापन बागलुंग
(झ) तातोपानी पोखरी भुलभुलेखार ताल संरक्षण पालुङ्टार - १ गोरखा
(ञ) नारेश्वर ताल संरक्षण, व्यास - १० तनहु
(ट) भकुन्डे डोठे ताल बा.न.पा. बागलुंग

८७.१ यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछः-

(क) फिल्ड सर्वेक्षण, अनुगमन गर्ने
(ख) तालको वरीपरी boundary wallनिर्माण तथा मर्मतसंभार गर्ने
(ग) तालमा रहेको थेग्रीकरण हटाउने तथा ताल सरसफाई र तालको क्षेत्रफल विस्तार गर्ने
(घ) पर्यटक विश्रामस्थल तथा मर्मतसंभार गर्ने
(ङ) मिचाहा प्रजाति नियन्त्रण गर्ने
(च) Retaining wall, Breast wall निर्माण तथा मर्मतसंभार गर्ने
(छ) Drainage canal निर्माण तथा मर्मतसंभार गर्ने
(ज) तालको वरिपरि पदमार्ग निर्माण गर्ने

८७.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अवलम्बन गरिनेछः-

(क) कार्यक्रम स्थानको छनौट गर्ने
(ख) फिल्ड सर्वेक्षण गर्ने, GPS Point लिने
(ग) फिल्ड सर्वेक्षण तथा स्थानीय ताल संरक्षण समिति वा सरोकारवालाको रायका आधारमा ताल/दह / पोखरीमा गर्नुपर्ने मर्मत संभारको कार्य पहिचान गरी डिजाइन तथा लागत अनुमान तयार गर्ने
(घ) डिजाइन तथा लागत अनुमानका आधारमा उपभोक्ता समिति वा मान्यताप्राप्त निर्माण कम्पनीसँग सार्वजनिक खरिद ऐन बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्ने

माननीय ... मन्त्री

(ङ) कार्यक्रमको विवरण समेटीएको आयोजना सूचना पाटी राख्ने
(च) संरक्षण तथा सौन्दर्यकरणका क्रियाकलापको विवरण र फोटो लिने
(छ) खर्चको बिल भरपाई गर्ने
(ज) बैठकको निर्णयको प्रतिलिपी राख्ने
(झ) कार्य सम्पन्न भइसकेपछि अनुगमन, जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने ।

८८. विश्व सिमसार दिवस मनाउने:

विश्व सिमसार दिवस लक्षित कार्यक्रम गर्दा सो दिवसको उदेश्य तथा संदेश सहितको सिमसारको मूल्य र मान्यता बोकेको विभिन्न जानकारीमूलक प्रचार प्रसार कार्यक्रमको लागि तयारी बैठक, प्रचार प्रसार सामग्री प्रकाशन तथा संचार माध्यम मार्फत प्रशारण कार्यमा खर्च गर्न सकिनेछ । उक्त कार्यक्रमको लागि कार्यालयमा रहेको जनशक्तिबाट वा मौजुदा सूचीमा रहेका सेवाप्रदायकबाट सेवा खरिद गरि संचालन गर्न सकिनेछ ।

८८.१ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अवलम्बन गरिनेछः--

(क) लागत अनुमान तयार गर्ने,
(ख) कार्यालयमा उपलब्ध जनशक्ति परिचालन गरी अमानत वा सार्वजनिक खरिद ऐन/नियमावली अनुसार परामर्श सेवा खरिद गरी गर्न सकिनेछ ।

८८.२ यस कार्यक्रमको प्रगतिका सूचक तथा उपलब्धि निम्नअनुसार हुनेछन्:

(क) बैठकको निर्णयको प्रतिलिपी
(ख) खर्चको बिल भरपाई
(ग) सम्बन्धित कार्यक्रमको फोटो
(घ) कार्यसम्पन्न प्रतिवेदन

८९. ताल संरक्षणका लागि विषयगत बौद्धिक अन्तर्क्रिया तथा बैठकः

यस कार्यक्रम अन्तर्गत पोखरा ताल फोरम संचालन कार्यविधि २०५० को कार्यविधि तयारी कार्यदलको बैठक संचालन, पोखरा ताल फोरम गठन, पोखरा ताल फोरम बौद्धिक अन्तर्क्रिया कार्यक्रम संचालन गर्न सकिनेछ।

८९.१ यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछः-

(क) पोखरा ताल फोरम संचालन कार्यविधि २०८० को कार्यविधि तयारी कार्यदलको बैठक भत्ता तथा खाजा खर्च
(ख) पोखरा ताल फोरमसंग सम्बन्धित सरोकारवालासँग छलफल, तथा अन्तर्क्रियामा सहभागी भत्ता दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, खाजा तथा यातायात खर्च

८९.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया अवलम्बन गरिनेछः

(क) लागत अनुमान तयार गर्ने

माननीय [illegible] बहादुर थापा
मन्त्री

(ख) कार्यालयमा उपलब्ध जनशक्ति परिचालन गरी अमानतबाट पोखरा ताल फोरमको छलफल, अन्तरक्रिया तथा गोष्ठी संचालन गर्ने

८९.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछन्:-

(क) कार्यसम्पन्न प्रतिवेदन,
(ख) खर्चको बिल भरपाई,
(ग) बैठकको निर्णय प्रतिलिपि
(घ) कार्यपत्र, प्रतिवेदन

९०. सरोकारवालाहरु तथा जनप्रतिनिधिहरुसंग विषयगत छलफल तथा अन्तरक्रिया गोष्ठी:

यस कार्यक्रम अन्तर्गत ताल संरक्षणसंग सम्बन्धित सरोकारवालाहरु, जनप्रतिनिधिहरु संग विषयगत छलफल तथा अन्तरक्रिया गोष्ठी कार्यक्रम संचालन गरिनेछ ।

९०.१ यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ:-

(क) सरोकारवालासँग छलफल, सहभागी भत्ता, दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, खाजा तथा यातायात खर्च गर्ने
(ख) प्रतिवेदन तयारी गर्ने

९०.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया अवलम्बन गरिनेछ

(क) लागत अनुमान तयार गर्ने,
(ख) कार्यालयमा उपलब्ध जनशक्ति परिचालन गरी अमानतबाट माथि उल्लेखित छलफल, अन्तरक्रिया तथा गोष्ठी संचालन गर्ने

९०.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछन्

(क) कार्यसम्पन्न प्रतिवेदन
(ख) खर्चको बिल भरपाई
(ग) कार्यपत्र प्रतिवेदन

९१. प्रदेशको wetland restoration project तर्जुमा:

प्रदेश भित्रका ताल र सिमसार क्षेत्रको सामाजिक, वातावरणीय र जैविक विविधता संरक्षण गर्न, उचित नीति नियम तथा योजना बनाउन, ताल क्षेत्रसंग कार्य गर्ने संस्थाहरुसंग समन्वय गर्न, तालमा आधारित पर्या-पर्यटन वृद्धि गरी प्रदेशको आर्थिक क्षेत्रमा टेवा पुयाउने उद्देश्यले प्रदेश भित्रको ताल तथा सिमसार क्षेत्रको पञ्चवर्षीय wetland restoration project तर्जुमा गरिनेछ ।

९१. १ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अवलम्बन गरिनेछ:-

(क) नेपाली वा अङ्ग्रेजी भाषामा Term of Reference (ToR), लागत अनुमान तयार गर्ने,
(ख) प्रस्तावना माग गर्ने,
(ग) प्रस्ताव मूल्याङ्कन समिति गठन गरी प्रस्ताव मूल्यांकन गर्ने,



माननीय ... बहादुर थापा
मन्त्री

(घ) सम्झौता गर्ने

(ङ) मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण गर्ने,

(च) अन्तिम प्रतिवेदन तयार गरी पेश गर्ने

(छ) भुक्तानी दिने ।

९१.२ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछन्:-

(क) प्रदेशको wetland restoration project तर्जुमा,

(ख) प्रदेशको wetland restoration project प्रतिवेदन,

(ग) कार्यक्रम संग सम्बन्धित फोटो ।

९२. <u>प्रदेशभरका तालहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्ने:</u>

यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ :-

९२. १ प्रदेश भित्रका मुख्य तालहरुको विद्यमान विवरण अध्ययन तथा अनुगमन गरी तपसिलमा उल्लेख भए बमोजिमको विवरण प्रतिवेदनमा समावेश गर्ने ।

(क) प्रदेशभित्रका तालहरुको जिल्लागत विवरण, विवरणमा तालको लम्बाइ, चौडाइ, गहिराइ, क्षेत्रफल, जलाधारको क्षेत्र आदि उल्लेख हुनु पर्ने

(ख) तालहरुको तालगत वार्षिक आम्दानी खर्च विवरण

(ग) ताल क्षेत्रबाट बिक्रीवितरण भएका वस्तु तथा सेवाहरुको विवरण

(घ) तालको संरक्षण र सौन्दर्यकरण बढाउन गर्नु पर्ने कामको विवरण

(ङ) तालमा आश्रित रहेका लोपन्मुख र दुर्लभ चराचुरुङ्गी जिव जन्तुहरुको विवरण

(च) तालबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्भित हुन

सक्ने घरधुरीको विवरण

(छ) तालगत संरक्षणमा विद्यमान समस्या र समाधानका उपायहरु समावेश गरी प्रतिवेदन

९२. २ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अवलम्बन गरिन्छ ।

(क) लागत अनुमान, TOR तयार गर्ने

(ख) मौजुदा सूचीमा रहेका परामर्शदाता वा सेवाप्रदायकबाट कार्य संचालन गराउने

९२.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछ ।

(क) प्रदेशभरका मुख्य तालहरुको अनुगमन प्रतिवेदन

९३. <u>ताल सुचना बोर्ड र प्रणाली स्थापना:</u>

९३.१ ताल सम्बन्धि विस्तृत विवरण उल्लेख गरिएको सुचना बोर्ड राख्ने र उक्त सूचना बोर्डमा उल्लेख गर्नु पर्ने विवरण निम्न अनुसार छन् :-

(क) तालको लम्बाइ, चौडाइ, गहिराइ, क्षेत्रफल, जलाधारको क्षेत्र आदि उल्लेख हुनु पर्ने।

(ख) तालमा आश्रित रहेका लोपन्मुख र दुर्लभ चराचुरुङ्गि जिव जन्तुहरुको विवरण ।

(ग) तालबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित हुन सक्ने घरधुरी ।

(घ) ताल संरक्षणमा भएका क्रियाकलापहरु

९३.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया गरिनेछ ।

क) लागत अनुमान तयार गर्ने,

ख) कार्यालयद्वारा वा मौजुदा सूचीमा रहेका सेवाप्रदायकसंस्थाबाट तालगत सूचना विवरण तयारी

ग) मौजुदा सूचीमा रहेका सेवाप्रदायकसंस्थाबाट सूचना बोर्ड तयार गर्ने

९३.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछ ।

क) लक्ष्य बमोजिमको ताल सूचना बोर्डहरु राखिनेछन् ।

९४. सरोकारवालाहरुको सहकार्यमा ताल सरसफाई अभियान एवं प्रचार प्रसार:

यस कार्यक्रम पोखरा महानगरपालिका, सुरक्षा निकाय, स्थानीय ताल संरक्षण समिति, तालमा आधारित सहकारी संस्था, गैह सरकारी संघसंस्था लगायतको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ । उक्त कार्यक्रममा विनियोजित बजेट सरसफाई कार्यमा आवश्यक पर्ने सामग्रीहरु खरिद गरी सम्बन्धित सरोकारवालहरुलाई वितरण गर्ने, सरसफाई कार्यक्रम गर्ने एवम् प्रचार प्रसार कार्यक्रममा खर्च गर्न सकिनेछ । उक्त कार्यक्रमको लागि कार्यालयमा रहेको जनशक्तिबाट वा मौजुदा सूचीमा रहेका सेवाप्रदायकबाट सेवा खरिद गरि संचालन गर्न सकिनेछ ।

९५. प्रदेशभरका तालहरुको डाटा पोर्टल तयारी र व्यवस्थापन:

९५.१ यस कार्यक्रमबाट प्रदेशभरका मुख्य तालहरुको विस्तृत डाटा पोर्टल तयारी तथा व्यवस्थापन गरी तपसिल बमोजिमको विवरण समावेश गरिनेछ ।

(क) General feature: Conservation status, Geographical coordination / Geographical position, Administrative features, Boundary, Management responsibility, Wetland type

(ख) Ecological feature: Climate feature, Area (core area, avg. length, avg. width, avg. depth max- min water level, basin area), Water volume, Water quality, Soil feature, Shock / vulnerability, Major aquatic plants, Major plants, Fish, Herpetofauna, Birds, Mammals, Invasive alien species, Endemic plant / animal,

(ग) Socio economic features: Nearby settlement, Land use, Demography, Jurisdiction/ownership, Wetland dependent community, Livestock, Traditional production system, Traditional water use practice, Cultural record, Genesis /origin of lake

(घ) Ecosystem good and services: Provisional service, Cultural plan

(ङ) Restoration/management: Structural management, non-structural management, Conservational, Monitoring plan

(च) Tourism information

(छ) Lake condition

माननीय दिपक बहादुर थापा
मन्त्री

९५.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अबलम्बन गरिनेछ;-

(क) लागत अनुमान, TOR तयार गर्ने

(ख) मौजुदा सूचीमा रहेका परामर्शदता वा सेवाप्रदायकबाट कार्य गराउने

(ग) Primary data & Secondary data संकलन गरि डाटा पोर्टल तयार गर्ने

९५.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछ;

(क) प्रदेशभरका मुख्य तालहरुको डाटा पोर्टल तयारी हुने

९६. <u>पोखरा उपत्यका लेक क्लस्टरको भिडियो डकुमेन्ट्री तयार गर्ने:</u>

९६.१ यस कार्यक्रमको लागि विनियोजित बजेट पोखरा उपत्यका लेक क्लस्टर अन्तर्गतका नौ वटा तालहरुको तपशिल बमोजिमको विवरण समावेश गरी भिडियो डकुमेन्ट्री तयार गरिनेछ ।

क) तालहरुको जिल्लागत विवरण, विवरणमा तालको लम्बाइ, चौडाइ, गहिराइ, क्षेत्रफल, जलाधारको क्षेत्र आदि उल्लेख हुनु पर्ने

ख) तालको सामाजिक, धार्मिक, सांस्कृतिक, पर्यावरणीय र जैविक महत्व

ग) तालमा आश्रित रहेका लोपोन्मुख र दुर्लभ चराचुरुङ्गी जीवजन्तुहरुको स्थिति

घ) तालबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित घरधुरी

ङ) तालहरुको तालगत वार्षिक आम्दानी खर्च विवरण

च) ताल क्षेत्रबाट बिक्री वितरण भएका वस्तु तथा सेवाहरु

छ) तालको संरक्षण र सौन्दर्यकरणमा भएका क्रियाकलाप

(ज) तालगत संरक्षणमा विद्यमान समस्या र समाधानका उपायहरु

९६.२ यस कार्यक्रम सञ्चालन गर्न निम्न प्रक्रिया अबलम्बन गरिन्छ।

(क) लागत अनुमान, TOR तयार गर्ने ।

(ख) मौजुदा सूचीमा रहेका परामर्शदाता वा सेवाप्रदायकबाट कार्य संचालन गराउने

९६.३ यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछ ।

(क) पोखरा उपत्यका लेक क्लस्टरको भिडियो डकुमेन्ट्री तयार हुनेछ ।

माननीय [illegible] बहादुर थापा
मन्त्री